# रेसुङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तम्घास, गुल्मी
५ नं.प्रदेश, नेपाल

मिति २०७६/३/२

# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(सूचना प्रकाशित मिति २०७६/३/२ गते)

यस नगरपालिकाबाट तपसिलका विषयहरुको आ.व.२०७६/०७७ का लागि (श्रावण १ देखि असार मसान्त सम्म र ढुङ्गा गिट्टी बालुवाको हकमा आश्विन १ देखि जेठ मसान्तसम्म) ठक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक फर्महरुले फर्म दर्ता र नवीकरण प्रमाण-पत्रको प्रतिलिपि सहित देहायका शर्तको अधिनमा रही गोप्य सिलवन्दी दरभाउ पत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. सिलवन्दी दरभाउपत्र फाराम दस्तुर रु १०००।- (एक हजार) फिर्ता नहुने गरी तिरी यो सूचना प्रकाशित मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गर्न सकिने छ।

२. सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मिति देखि १६ औं दिनको १२.०० बजेसम्म र अन्तिम दिन विदा परेमा सो को भोली पल्ट यस कार्यालयमा पेश गरी सक्नु पर्ने छ र रितपूर्वक दर्ता भएका सिलवन्दी दरभाउपत्र सोही दिनको ३.०० वजे सिलवन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ। दाता वा निजको प्रतिनिधिको उपस्थिति नभएका कारणले सिलवन्दी दरभाउपत्र खोल्न रोकिने छैन।

३. सिलवन्दी दरभाउपत्र साथ आफूले कवोल गरेको अंकको ५%(प्रतिशत) धरौटी रा.वा. बैंक गुल्मीको धरौटी खाता ३०१०३०३००७१०२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नगदै पेश गर्नु पर्ने छ। र स्वीकृति पछि रकम चौमासिक रुपमा भुक्तानी गर्नुपर्ने छ। स्वीकृत रकम एकमुष्ठ रुपमा दाखेला गरी सम्झौता गरेमा कवोल अंकको १०%( प्रतिशत) ले हुन आउने रकम छुट हुनेछ।

४. सिलवन्दी दरभाउपत्र स्वीकृत भए पछि स्वीकृत रकमको २५%(प्रतिशत) रकम जम्मा गरी बाँकी रकमका लागि अन्य किस्ताको धितो वापत वैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) बनाई पेश गर्नु पर्नेछ। परफरमेन्स वण्डको म्याद २०७७ श्रावण मसान्तसम्मको हुनु पर्नेछ।

५. रित नपुगी वा म्याद नाघि आएको सिलवन्दी दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन।

६. सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ।

७. अन्य कुरा सम्झौतामा उल्लेख गरिनेछ। सम्झौतामा उल्लेख गरेका कुरा पालना नगरे नगरपालिकाले सम्बद्ध व्यक्तिसंगको ठेक्का खारेज गर्न सक्नेछ।

**तपसिल**

| सूचना नं. | शीर्षक | स्थान | न्यूनतम रकम | कैफियत |
|---|---|---|---|---|
| १ | खाली शिसि तथा बोत्तल | रेसुङ्गा न.पा.का १४ वाड | ९५०००० | |
| २ | पार्किङ्ग शुल्क | २.क. भगवती मन्दिर क्षेत्र | ७५००० | पार्किंग शुल्क दर : डोजर लोडर रु २००, ट्रक: १००, बस, मिनीबस : रु.५०, टेक्टर माइक्रोबस रु. ४०, जीप कार रु. ३० अटोरिक्सा रु १५, मोटरसाइकल रु १० |
| | | २.ख. बुढाथोकी बसपाक | १००००० | |
| | | २.ग. अर्घाखाँची जीपपाक | १५०००० | |
| | | २.घ. उदिनढुङ्गा बसपार्क | ३५०००० | |
| ३ | विज्ञापन दस्तुर (होर्डिङ्गबोर्ड, विज्ञापन प्रचार प्रसार सामग्री) | रेसुङ्गा न.पा.का १४ वाड | ५००००० | विज्ञापन वोर्ड प्रति वर्गफीट रु. ५० |
| ४ | ढुङ्गा गिट्टी बालुवा | रेस ङ्गा न.पा.का १४ इन्द्रेगौडा बगर क्षेत्र | ५००००० | प्रति ट्रक टिपर रु. ५००। प्रति टेक्टर रु ३००। |